# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५५१ मिति :- २०६७/९/१२

नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत अन्य कार्यालय र इजाजतपत्रप्राप्त "क" बर्गका बैकहरू ।

विषय :- सुन आयात तथा बिक्री वितरण कार्यविधि, २०६७ लागू गरिएको सम्बन्धमा ।

महाशय,

सुन चाँदी आयात तथा बिक्री व्यवस्था सम्बन्धमा यस विभागबाट मिति २०६७/५/४ मा जारी गरिएको इ.प्रा.परिपत्र संख्या ५४३ तथा मिति २०६७/५/१८ मा जारी गरिएको इ.प्रा. परिपत्र संख्याः ५४५ खारेज गरी सुन आयात तथा बिक्री वितरणका लागि यसैसाथ संलग्न "सुन आयात तथा बिक्री वितरण कार्यविधि, २०६७" लागू गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग, त्रिपुरेश्वर, काठमाण्डौं ।
५. श्री नेपाल सरकार, वाणिज्य मन्त्रालय, निर्यात प्रवर्द्धन तथा अन्तर्राष्ट्रि व्यापार शाखा, सिंहदरबार, काठमाण्डौं ।
६ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
७. श्री बैंक सुपरिवेक्षण विभाग ।
८. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
९. श्री सूचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन ।
१०. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
११. श्री नेपाल सुन चाँदी व्यवसायी संघ, क्षेत्रपाटी, काठमाण्डौं ।
१२. श्री नेपाल रत्न तथा आभूषण संघ, गणबहाल, काठमाण्डौं ।
१३. श्री नेपाल सुन चाँदी कला व्यवसायी संघ, डिल्लीबजार, काठमाण्डौं ।
१४. श्री नेपाल हस्तकला महासंघ, थापाथली, काठमाण्डौं ।

# सुन आयात तथा बिक्री वितरण सम्बन्धी कार्यविधि, २०६७

**प्रस्तावना**

विगतमा सुनको अध्यधिक आयातले मुलुकको शोधनान्तर स्थितिमा प्रतिकुल प्रभाव पर्न गएको अवस्थालाई मध्यनजर गरी सुनको अधिक आयातलाई व्यवस्थित गर्न नियन्त्रणात्मक उपायहरूको अवलम्बन गरिएको थियो । यसरी कार्यान्बयनमा आएको नियन्त्रणात्मक नीतिको कारण मुलुकको विदेशी विनिमय संचितिमा सकारात्मक प्रभाव पर्दे गएको अवस्था र नेपालजस्तो न्युन आय भएको मुलुकले विलासिताको वस्तु मानिने सुनको अनियन्त्रित आयातलाई थेग्न नसक्ने अवस्था समेतलाई मध्यनजर गरी देशको परम्परा, संस्कृति अनुरुप आन्तरिक उपभोगका लागि आवश्यक पर्ने सुन आयातका लागि एउटा निश्चित कार्यविधि निर्धारण गर्नु आवश्यक देखिएकोले यो कार्यविधि तर्जुमा गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "सुन आयात तथा बिक्री वितरण कार्यविधि, २०६७" रहेको छ ।

(२) यो कार्यविधि राष्ट्र बैंकले परिपत्र जारी गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "राष्ट्र बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(ख) ''बैंक'' भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४७ को उपदफा (१) बमोजिम वित्तीय कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त "क" वर्गका संगठित संस्था सम्झनु पर्छ ।

(घ) "विभाग" भन्नाले राष्ट्र बैंकको विदेशी विनिमय व्यवस्थापन विभाग सम्झनु पर्छ ।

## परिच्छेद - २
## आयात सम्बन्धी व्यवस्था

३. **बैंकहरुले मात्र आयात गर्न सक्नेः-** नेपाल बैंकर्स संघको सिफारिशमा "क" वर्गका बैंकहरूले मात्र सुनको आयात गर्न सक्नेछन् ।

४. **राष्ट्र बैंकले परिमाण तोक्न सक्नेः-** नेपाल राष्ट्र बैंकले समय समयमा तोकि दिएको परिमाण र प्रकृया बमोजिम मात्र सुन आयात हुने व्यवस्था नेपाल बैंकर्स संघले मिलाउनु पर्नेछ । यस प्रयोजनको लागि आयात गर्न सकिने सुनको दैनिक परिमाण हाललाई १५(पन्ध्र) किलोग्राम कायम गरिएको छ ।

५. **आयातीत सुन बैंकहरूलाई बिक्री गर्दा मार्कअप गर्न नपाइनेः-** तोकिएको परिमाणको सीमाभित्र रही आयात गर्न सिफारिस प्राप्त बैंकहरूले आपसमा सहमति गरी अन्तरबैंक कारोवार अन्तरगत समेत सुनको आयात गर्न सक्नेछन् । तर यस्तो अन्तरबैंक कारोवारमा कुनै किसिमको मार्कअप गर्न पाइने छैन ।

६. **सुन आयातको विधिः-** सुन आयात प्रतीतपत्र वा Stand By प्रतीतपत्र वा बैंक ग्यारेण्टी वा ड्राफ्ट/टि.टि. को माध्यमबाट गर्न सकिनेछ । यसरी ड्राफ्ट/टि.टि.को माध्यमबाट गर्दा आयात गर्दा विभागद्वारा जारी भएको इ.प्रा.परिपत्र संख्या ३८५ (सोमा भएका संशोधन समेत) बमोजिमको अमेरिकी डलर २५,०००।- को सीमा लागू हुने छैन ।

७. **दैनिक निर्धारित सीमाको परिमाणमा नबढ्ने गरी आयात गर्न सकिनेः-** मूल्यको दृष्ट्रिकोणले मितव्ययी तथा लाभदायी हुने भएमा दैनिक निर्धारित सीमाको परिमाणमा नबढ्ने गरी आवश्यकता अनुरुपको मितव्ययी परिमाण (Economic Size) मा सुन एकमुष्ट परिमाणमा समेत आयात गर्न सकिनेछ ।

## परिच्छेद - ३
## बिक्री वितरण सम्बन्धी व्यवस्था

८. **आयात गरिएको सुन तोकिएको क्षेत्रमा बिक्री हुने व्यवस्था मिलाउनु पर्नेः-** आयातको लागि तोकिएको परिमाण मुलुकभरको लागि भएकोले सम्बन्धित क्षेत्रमा हाल हुने गरेको खपत अनुपातलाई आधार मानी आयातीत सुन क्षेत्रगत रुपमा देहाय बमोजिम निर्धारित सीमा सम्बन्धित क्षेत्रमै बिक्री हुने गरी वितरण गर्ने व्यवस्था नेपाल बैंकर्स संघले मिलाउनु पर्नेछ ।

| क्षेत्र | बिक्री/वितरण गर्नु पर्ने परिमाण (प्रतिशतमा) |
|---|---|
| बागमती अञ्चल | ६० (साठी) |
| बागमती अञ्चल बाहेकका अन्य अञ्चलहरू | ४० (चालीस) |

९. **सिफारिश प्राप्त व्यवसायीलाई मात्र बिक्री गर्नु पर्नेः-** आयात गरेको सुन सम्बन्धित व्यवसायीहरूको संघ/प्रतिनिधिको सिफारिशमा सुन चाँदीको कारोवार गर्न अनुमति प्राप्त गरेका दर्तावाल व्यवसायीलाई मात्र बिक्री गर्नु पर्नेछ ।

१०. **सिफारिश गर्दा अद्यावधिक सिफारिश परिमाण समेत खुलाउनु पर्नेः-** नेपाल बैंकर्स संघले सुन आयातको सिफारिश गर्दा प्रत्येक पटकको सिफारिश पत्रमा अघिल्लो पटक सिफारिश गर्दाको परिमाण तथा सिफारिश भए पछिको कूल परिमाण र कुन मिति सम्मको लागि सिफारिश भएको हो ? सो समेत खुलाई सिफारिश गर्नु पर्नेछ र यस्तो प्रत्येक सिफारिशको जानकारी राष्ट्र बैंकलाई दिनु पर्नेछ ।

११. **सिफारिश गर्दा अवलम्बन गर्नु पर्ने प्रकृयाः-** व्यवसायी संघहरूले सुन खरीदको लागि सिफारिश गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) बैंकबाट सुन खरिद गर्ने प्रयोजनको लागि व्यवसायी संघहरूले आ-आफ्नो लागि निर्धारित सीमाभित्र रही सिफारिश गर्नु पर्नेछ ।

(ख) व्यवसायी संघहरूको तर्फबाट सिफारिश गर्न अख्तियार प्राप्त पदाधिकारी/व्यक्तिहरूको नाम, ठेगाना, सम्पर्क टेलिफोन नं र दस्तखत नमूना सहितको विवरण सम्बन्धित बैंकहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(ग) व्यवसायी संघहरूले सिफारिश गर्न सक्ने सीमा देहाय बमोजिम निर्धारण गरिएको छ :-

(१) बागमती अञ्चल क्षेत्रको लागि तल उल्लिखित व्यवसायी संघहरूले माथि दफा ८ मा उल्लिखित क्षेत्रगत सीमा अनुसार कायम हुने सुनको परिमाण देहाय बमोजिमको प्रतिशतको सीमाभित्र पर्ने गरी सिफारिश गर्नु पर्नेछ :-

| **व्यवसायी संघ** | **सिफारिश गर्न सक्ने सीमा** |
|---|---|
| नेपाल सुन चाँदी व्यवसायी संघ | क्षेत्रगत सीमाको ५० (पचास) प्रतिशत |
| नेपाल रत्न तथा आभुषण संघ | क्षेत्रगत सीमाको ३० (तीस) प्रतिशत |
| नेपाल सुन चाँदी कला व्यवसायी संघ | क्षेत्रगत सीमाको १० (दश) प्रतिशत |
| नेपाल हस्तकला महासंघ | क्षेत्रगत सीमाको १० (दश) प्रतिशत |

(२) बागमती अञ्चलको क्षेत्र बाहेकका क्षेत्रको लागि सम्बन्धित क्षेत्रस्थित सुन चाँदी व्यवसायीको संघले सम्बन्धित क्षेत्रको पायक पर्ने स्थानमा नेपाल बैंकर्स संघले तोकेका बैंकसँग समन्वय गरी सिफारिश गर्ने प्रयोजनको लागि आधिकारिक प्रतिनिधि नियुक्त गर्नु पर्नेछ र यस्तो प्रतिनिधि नियुक्त गरेको जानकारी राष्ट्र बैंक, सम्बन्धित बैंक र नेपाल बैंकर्स संघलाई समेत दिनु पर्नेछ ।

(३) बागमती अञ्चलको क्षेत्र बाहेक अन्य क्षेत्रको लागि सुन चाँदी व्यवसायीको संघले क्षेत्रगत रुपमा नियुक्त गरेको प्रतिनिधिले माथि दफा ८ मा उल्लिखित क्षेत्रगत सीमा अनुसार हुने परिमाणमा ननाघ्ने गरी सिफारिश गर्नु पर्नेछ । कुनै क्षेत्रमा सिफारिश गर्न अख्तियार प्राप्त व्यवसायीको संघ/प्रतिनिधि नभएको अवस्थामा नेपाल सुन चाँदी व्यवसायी संघले सिफारिश गर्नु पर्नेछ ।

(४) व्यवसायीको संघ/ प्रतिनिधिले सिफारिश गर्दा प्रति व्यवसायी बढीमा ५०० (पाँचसय) ग्रामको सीमाभित्र रही सिफारिश गर्नु पर्नेछ ।

(५) यस्तो सिफारिश प्यानमा दर्ता भई गरगहना, आभूषण, कलात्मक वस्तु लगायतका सामान बनाउने सुन चाँदी वा हस्तकला व्यवसायीको नाममा मात्र गर्नु पर्नेछ । अर्थात् कोरा सुन मात्र बिक्री गर्ने व्यवसायीको नाममा सिफारिश गर्न पाइने छैन ।

(६) तोकिएको सीमाभित्र रही बैंकले उपलव्ध गराउन सक्ने न्यूनतम परिमाणको लागि एकभन्दा बढी व्यवसायीको नाममा समेत संयुक्तरुपमा सिफारिश गर्न सकिनेछ ।

(७) खरीदका लागि आवेदन दिने व्यवसायीको नाममा क्रमैसँग सिफारिश गर्नु पर्नेछ । अर्थात, आवेदन दिने अघिल्लो क्रममा रहेका व्यवसायीले सिफारिश नपाई तल्लो क्रममा रहेका व्यवसायीको लागि सिफारिश गर्न पाइने छैन ।

:

(८) सुन खरीद गर्ने व्यवसायीले आफूले खरीद गरेको सुन उपयोग गरी गरगहना, आभूषण, कलात्मक वस्तु तयार गरी बिक्री गरेको परिमाणको बिल विजक सहितको विवरण तयार गरी यस्तो विवरणको अभिलेख आफूले पनि राखी निरीक्षण/अनुसन्धान गर्ने निकायले माँग गरेको समयमा उपलव्ध गराउनु पर्नेछ ।

(९) प्रत्येक पटक सिफारिश गर्दा अघिल्लो पटक खरीद गरेको सुनको कम्तिमा ५० (पचास) प्रतिशत उपयोग गरी बिक्री गरेको विवरण सिफारिश गर्ने व्यवसायीको संघ/प्रतिनिधिलाई बुझाउनु पर्ने र ५० (पचास) प्रतिशतभन्दा कम उपयोग/बिक्री भएको विवरण पेश गर्ने व्यवसायीको नाममा सुन खरीदको सिफारिश गर्न पाइने छैन ।

## परिच्छेद - ४
## अभिलेख तथा प्रतिवेदन सम्बन्धी व्यवस्था

१२. **अभिलेख राख्नु पर्नेः-** बैंकहरूले आयात गरेको सुनको लागत मूल्य र बिक्री मूल्य स्पष्ट देखिने गरी अभिलेख तयार गरी राख्नु पर्नेछ ।

१३. **प्रतिवेदन बुझाउनु पर्नेः-** आयात गरी बिक्री भएको सुनको मासिक विवरण अनुसूची १ को ढाँचा बमोजिमको फाराममा प्रत्येक बैंकले राष्ट्र बैंकमा महिना सकिएको १५ दिनभित्र उपलव्ध गराउनु पर्नेछ ।

## परिच्छेद - ५
## विविध व्यवस्था

१४. **अनुगमन संयन्त्रको गठन गरिनेः-** सुनको आयात, बिक्री वितरण एवं आपूर्तिका सम्बन्धमा अनुगमन एवं समीक्षा गर्न वाणिज्य तथा आपूर्ति मन्त्रालयका निर्यात प्रवर्द्धन, व्यापार सहजीकरण तथा पारवहन महाशाखा हेर्ने सहसचिवको संयोजकत्वमा राष्ट्र बैंकका वरिष्ठ अधिकृत सदस्य रहेको एक अनुगमन संयन्त्र गठन गरिनेछ ।

१५. **संशोधन तथा परिमार्जन गर्न सकिनेः-** सुन आयात तथा बिक्री वितरण सम्बन्धी कारोबार बारे प्रत्येक महिना अनुगमन संयन्त्रमा छलफल तथा समीक्षा गरी आवश्यकता अनुरुप आयात बिक्री वितरण तथा कार्यान्वयन प्रकृयाहरूमा संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

१६. **बाधा अड्काउ फुकाउने :** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ आइपरेमा त्यस्तो बाधा अड्काउ अनुगमन संयन्त्रको सिफारिशमा राष्ट्र बैंकले फुकाउन सक्नेछ ।

अनुसूची १

# ..............बैंक लिमिटेड

...........................

## सुन आयात तथा बिक्रीको मासिक विवरण

## अवधिः- ......................देखि ...................सम्म

मिति :-................................

| **आयात गरेको** | | | | **बिक्री गरेको** | | | | |
|---|---|---|---|---|---|---|---|---|
| मिति | परिमाण | रकम | | मिति | व्यवसायीको नाम | प्यान नं. | परिमाण | रकम रु. |
| | | वि.मु.मा | ने.रु.मा | | | | | |
| | | | | | | | | |

विवरण प्रमाणित गर्नेको,

(दस्तखत)
नामः-
पदः-